कालिका गाउँपालिकाको साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

प्रस्तावनाः निजी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारीको माध्यमबाट शिक्षा, स्वास्थ्य, कृषि, पशु विकास, रोजगारी, आयआर्जनको अवसर, पूर्वाधार विकास निर्माण, विपत् व्यवस्थापन तथा जलवालु परिवर्तन, खानेपानी तथा सरसफाई वन तथा वातावरण संरक्षण, संस्थागत विकास तथा सुशासन, सहरकारी संस्थाहरुको सवलीकरण तथा स्थानीय उत्पादनको बजारीकरण लगायताका कार्यक्रमका लागि साझेदारीको माध्यमाबाट सर्वसधारणलाई भरपर्दो, किफायति र सर्वसुलभ रुपमा सेवा सुविधा उपलब्ध गराउने उद्देश्यले र सरकारी तथा गैर सरकारी संघ संस्था वा निजी क्षेत्र र गाउँपालिकाबिच अल्पकालीन वा दीर्घकालीन योजनाहरु सञ्चालन गर्न कालिका गाउँपालिकाको साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापनसम्बन्धी ऐन, २०७९ परिच्छेद ५ को दफा १३ को अधीनम रही यो कार्यविधि तयार गरी लागु गरिएको छ।

परिच्छेद १
प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यस कार्यविधिको नाम "कालिका गाउँपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन कार्यविधि," रहेको छ।

(२) यो कार्यविधि कालिका गाउँपालिकाको क्षेत्रभर लागु हुनेछ।

(३) यो कार्यविधि तुरुन्त पारम्भ हुनेछ।

२.परिभाषा, विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमाः

क. कार्यविधि भन्नाले कालिका गाउँपालिकाको साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ लाई सम्झनु पर्छ।

ख. कार्यक्रम भन्नाले साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धी ऐन, २०७९ को दफा ३ बमोजिम सञ्चालन हुने कार्यक्रम सम्झनुपर्नेछ।

ग. अनुदान भन्नाले उत्पादन, प्रशोधन, मूल्य श्रृङ्खला, बजारीकरण, पूर्वाधार निर्माण, यान्त्रिकीकरण, विविधीकरण, व्यवसायीकरण, आधुनिकीकरण तथा गरिबी निवारण समेतका लाग छनौट भएका अनुदानग्राहीलाई प्रदान गरिने आर्थिक, वस्तुगत सहायता, पूर्वधार विकास वा उपलब्ध गराइने सामग्री र उपकरण सम्झनुपर्नेछ।

घ. अनुदानग्राही भन्नाले यस कार्यविधि अनुरुप छनौट भएर अनुदानसँग सम्बन्धित कुनै पनि सेवा सुविधा प्राप्त गर्ने लाभग्राही बुझिन्छ।

परिच्छेद २

साझेदारी कार्यक्रम क्षेत्र

३.साझेदारी कार्यक्रम सञ्चालन हुने क्षेत्रः(१) कालिका गाउँपालिकाको क्षेत्रभित्र देहायानुसार क्षेत्रहरुमा साझेदारी कार्यक्रमहरु सञ्चालन हुनेछन्।

क. शिक्षा

ख. स्वास्थ्य

ग. कृषि

घ. पशु विकास

ङ. भौतिक पूर्वाधार

च. विपत् व्यवस्थापन तथा जलवायु परिवर्तन

छ. खानेपानी तथा सरसफाई

ज. रोजगारी तथा स्वरोजगारी सिर्जना

झ. सामाजिक संरक्षण, पुनः स्थापना र सचेतना

ञ. वन तथा वातावरण संरक्षण

ट. संस्थागत विकास तथा सुशासन

ठ. साना कासानद्वारा प्रर्वद्धित सहकारी लगायतका संस्थाहरुको सवलीकरण

ड. स्थानीय उत्पादकको सङ्कलन, प्रशोधन तथा बजारीकरुण

(२) कालिका गाउँपालिकाले दफा ३(१) बमोजिमका क्षेत्रहरुमध्ये आवश्यकतानुसार कुनै एक वा बहुक्षेत्रहरुमा कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

परिच्छेद ३

साझेदारी सेवा सम्बन्धी व्यवस्था

४.कार्य क्षेत्रगत सर्त तयार गर्नेः साझेदारीका लागि छनौट भएका कार्यक्रम वा योजनाहरुको कार्य क्षेत्रगत सर्त तयार गरी गाउँसभाबाट स्वीकृत गर्नुपर्नेछ।

५.खुल्ला रुपमा आशयपत्र माग गरी संक्षिप्त सूची तयार गर्नुपर्नेः (१) बिस लाखदेखि दश करोडसम्म लागत अनुमान भएको साझेदारी कार्यक्रम गर्नुपरेमा खुला रुपमा प्रतिष्पर्धा गराइ अनुसूची-१ बमोजिम

१५ दिनको अवधि दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गरी आशयपत्र माग गर्नुपर्नेछ।

(२) उपदफा १ बमोजिम आशयपत्र माग गरेपश्चात् आशयपत्रदाताले देहायका विषयहरु खुलाई आशयपत्र पेस गर्नुपर्नेछ।

ढ. आशयपत्र पेस गरिएको निकायको नाम र ठेगना

ण. प्रस्तावित काम वा आयोजनाको सामान्य विवरण

त. आशयपत्रदाताको योग्यता

थ. आशयपत्रदाता फर्म वा कम्पनी भए

१. फर्म वा कम्पनीको विवरण, सङ्गठन र कर्मचारी

२. दुई वा दुईभन्दा बढी फर्म वा कम्पनीले समूह, सङ्गठन वा संयुक्त उपक्रमको रुपमा साझेदारी कार्यक्रम गर्ने भए त्यस्ता फर्म वा कम्पनीको नाम, ठेगना, विवरण तथा मूख्य भई काम गर्ने फर्म वा कम्पनीको विवरण खुलाई आशयपत्र दाखिला गर्न सक्नेछन्।तर यसरी संयुक्त उपक्रम कायम गर्दा दोहोरो पर्ने गरी संयुक्त उपक्रम गर्न सकिने छैन।

३. विगत सात वर्षमा काम गरेको समान प्रकृतिको काम र स्थानको विवरण

४. प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण

द. व्यक्तिगत आशयपत्रदाताको हकमा विगत चार वर्षको सम्पन्न गरेको समान प्रकृतिको काम र स्थानको विवरण तथा निजको वैयक्तिक विवरण

ध. आशयपत्रदाताले पेस गर्ने संस्थाको दर्ता, नवीकरण, करचुक्ता, कार्यअनुभव पत्र, पछिल्लो तीन वर्षको लेखापीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्ने हकमा) आशयपत्रका साथ संलग्न गरी पेस गर्नुपर्नेछ।

न. साझेदारीका लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धता पत्र पेस गरेको हुनुपर्नेछ।

ऩ. आशयपत्रदाता अनुसूची- २ बमोजिमको ढाँचामा बुझाउनुपर्नेछ।

(३) यस कार्यविधिबमोजिम रीतपूर्वक पेस हुन आएका आशयपत्रदाताको योग्यता, अनुभव र क्षमतासमेत मूल्याङ्कन गरी आशयपत्रदाताको योग्यता, अनुभव र क्षमता मूल्याङ्कन गर्ने समेत यकिन गरी त्यस्तो आशयपत्रदाताको छनौट गरी सूची तयार गर्नुपर्नेछ।

(४) उपदफा २ बमोजिम सूचनाबमोजिम आशयपत्र पेस नगर्ने ख्याति प्राप्त फर्म/ कम्पनीसँग सम्पर्क गरी निजको संक्षिप्त सूचीमा समावेश गर्न सकिनेछ।

(५) उपदफा २ बमोजिम प्रथम पटक सूचना प्रकाशन गरी आशयपत्रदाताको छनौट गर्दा वा उपदफा ४ बमोजिम नाम समावेश गर्दा कम्तिमा तीनवटा आशयपत्रदाता छनौट हुन नसके सार्वजनिक नियकाले पुनः सूचना प्रकाशन गरी आशयपत्र माग गर्नुपर्नेछ।

(६) उपदफा ५ बमोजिम दोस्रो पटक सूचना प्रकाशन गरी पनि कम्तिमा तीनवटा आशयपत्र छनौट हुन नसकेमा छनौट भएका जति आशयपत्रदाताको मात्र सूची कायम गर्न सकिनेछ।

६.प्रस्ताव माग गर्नेः (१) दफा ५ बमोजिम संक्षिप्त सूची तयार भएपछि गाउँपालिकाले सो संक्षिप्त सूचीमा परेका आशयपत्रदाताहरुलाई प्रस्ताव सम्बन्धी कागजात अनुसूची- ३ बमोजिम कम्तिमा ३० दिनको अवधि दिई सूचना दिई निजहरुबाट प्रस्ताव माग गर्नुपर्नेछ।

(२) उपदफा १ बमोजिम प्रस्ताव सम्बन्धी कागजातहरुमा देहायका कुराहरु उल्लेख गर्नुपर्नेछ।

क. साझेदारी कार्यक्रमको प्रकृति

ख. अनुमानित लागत, कार्यक्रम सञ्चालन गरी सम्पन्न गर्ने अवधि, स्थान

ग. सम्पन्न गर्नुपर्ने कार्य र अपक्षित परिणाम

घ. प्रस्तावदाताले प्रस्ताव गरेको प्रमुख जनशक्तिले आफ्नो हालसालैको वैयक्तिक विवरण सत्य र पूर्ण रहेको कुरा प्रमाणित

ङ. अनसूची- ४ र अनुसूची- ५ बमोजिमको ढाँचामा प्राविधिक र आर्थिक प्रस्ताव अलग अलग खाममा राखी सिलबन्दी गरी प्रत्येक खामको बाहिर कुन प्रकारको प्रस्ताव हो स्पष्टरुपमा उल्लेख गरी दुबै प्रस्तावलाई अर्को छुट्टै खाममा बन्दी गरी माग गरिएको साझेदारीको विषय उल्लेख गर्नेपर्ने

च. प्राविधिक तथा आर्थिक मूल्याङ्कन भर

छ. प्रस्ताव पेस गर्नुपर्ने स्थान, मिति र समय

ज. प्रस्ताव छनौट विधि (गुणस्तर, निश्चित बजेट विधि र न्यून लागत विधि)

झ. अन्य विषयहरु

७.मूल्याङ्कन तथा छनौट समितिः(१) साझेदार कार्यक्रमको लागि पेस गरिएको आशयपत्र तथा प्रस्तावहरुको मूल्याङ्कन गरी छनौटको लागि सिफारिस गर्न देहायबमोजिमको साझेदारी कार्यक्रम प्रस्ताव मूल्याङ्कन तथा छनौट समिति गठन गरिनेछ।

क) प्रमुख प्रशासकीय अधिकृतः संयोजक

ख) सम्बन्धित विषय वा शाखाको प्रमुखः सदस्य

ग) विशेष आमन्त्रित सदस्यः सदस्य

घ) आर्थिक प्रशासन शाखाका कर्मचारीः सदस्य

ङ) योजना अधिकृतः सदस्य सचिव

८.कूल अङ्कभार एक सयमध्ये प्राविधिक प्रस्तावको अङ्कभार सत्तरी तथा आर्थिक प्रस्तावको अङ्कभार तीस हुनेछ। प्राविधिक र आर्थिक प्रस्तावको संयुक्त मूल्याङ्कन गरी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्तावदाताको प्रस्ताव छनौट गर्नुपर्नेछ।

९.प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्ने आधारहरु र अङ्कभार देहायबमोजिम कुनै वा सबै आधार आवश्यकता अनुसार खुलाउनुपर्नेछ।

क. साझेदारी कार्यक्रमसँग सम्बन्धित साझेदारको कार्यअनुभवः कूल अङ्कको पच्चिस प्रतिशतसम्म

ख. कार्य सम्पादन गर्ने प्रस्तावित तरिका (Methodology) गुणस्तरः कूल अङ्कको बिसदेखि पैंतिस प्रतिशतसम्म

ग. प्रस्तावित मूख्य जनशक्तिको योग्यतः कूल अङ्कको तिसदेखि साठ्ठी प्रतिशतसम्म

घ. ज्ञान तथा प्रविधि हस्तान्तरण व्यवस्थाः कूल अङ्कको दश प्रतिशतसम्म

१०.उपदफा ९ बमोजिम अङ्कभार उल्लेख गर्दा उतिर्णाङ्कसमेत उल्लेख गर्नुपर्नेछ।

परिच्छेद ४

कार्यक्रम सञ्चालन तथा व्यवस्थापन

११. प्रस्तावना छनौट समितिः(१) गाउँपालिकामा रीतपूर्वक प्राप्त साझेदारी कार्यक्रमको आशयपत्र तथा प्रस्तावहरुको मूल्याङ्कन गरी छनौट गर्न दफा ७ बमोजिमको एक मूल्याङ्कन तथा छनौट समिति रहनेछ।

(२) उपदफा १ बमोजिमको मूल्याङ्कन तथा छनौट समितिले दफा ८ र ९ बमोजिमको मापदण्डका आधारमा प्रस्तावना मूल्याङ्कन एवं छनौट गरी गाउँ कार्यपालिकामा पेस गर्नुपर्नेछ।

१२.अनुगमन तथा मूल्याङ्कन एवं समन्वय समितिः(१) साझेदारी कार्यक्रम सञ्चालन, व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन र सहजीकरणका लागि देहायबमोजिमको कार्यक्रम अनुगमन तथा मूल्याङ्कन एवं समन्वय समिति रहनेछ।

क. गाउँपालिकाको अध्यक्षः संयोजक

ख. गाउँपालिकाको उपाध्यक्षः सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृतः सदस्य सचिव

घ. कार्यक्रम सञ्चालन हुने वडाहरुका वडा अध्यक्षः सदस्य

ङ. योजना शाखा प्रमुखः सदस्य

च. सम्बन्धित विषयगत शाखा प्रमुखः सदस्य

छ. साझेदारको प्रतिनिधि २ जनाः सदस्य

१३. दफा ११ बमोजिम गठित अनुगमन तथा मूल्याङ्कन एवं समन्वय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन्।

क. कार्यक्रमको सञ्चालनको विधि र रुपरेखा निर्धारण गर्ने

ख. कार्यक्रमको अनुगमन, मूल्याङ्कन र नियमति समीक्षा गर्ने

ग. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनको आधारमा साझेदारलाई सम्झौताबमोजिम भुक्तानीका लागि सिफारिस गर्ने

घ. कार्यक्रम सञ्चालनको लागि आवश्यक व्यवस्थापकीय काम एवं समन्वय र सहजीकरण गर्ने

ङ. कार्यक्रमको कार्यान्वयन साझेदार वा तेस्रो पक्ष कसले गर्ने हो सोको निर्धारण गर्ने

च. साझेदारी कार्यक्रम सञ्चालन, कार्यान्वयन एवं अनुगमन तथा मूल्याङ्कन सम्बन्धी अन्य आवश्यक निर्णयहरु गर्ने

१४. साझेदारीमा सञ्चालन कार्यक्रमको कार्यान्वयन ढाँचा देहाय बमोजिमको हुनेछ।

क. कार्यक्रमले समेट्ने लाभग्राहीलाई समूहमा आवद्ध गराइ सङ्गठित रुपमा स्रोत व्यवस्थापन गर्न सकिनेछ।

ख. कार्यक्रमको प्रारम्भिक चरणमा सेवा पाएका लाभग्राहीहरुले आफूले पाएको सेवा सुविधा बराबरको सामग्री अन्य लाभग्राहीहरुलाई प्रदान गर्नका लागि उप-समूहहरु बनाइ अगाडि बढ्न सकिनेछ।

ग. लाभग्राहीहरु आवद्ध विभिन्न तहका समूहहरुलाई वैधानिक रुपमा संस्थागत गरी सहकारीहरु स्थापन गर्न सकिनेछ।

घ. साझेदारले कार्यक्रम कार्यान्वयनको क्रममा लाभाग्राहीहरुलाई विभिन्न किसिमका औपचारिक तथा अनौपचारिक तालिम तथा अभिमूखीकरणहरुको व्यवस्था गर्न सकिनेछ।

ङ. लाभग्राही समूहहरुले कार्यक्रममार्फत् अनुदानस्वरुप रकम तथा भौतिक सामग्री प्राप्त गर्न सक्नेछन्।

च. कार्यक्रमको साझेदारी छनौट भए पश्चात् दुबै पक्षबिच आपसी छलफल गरी अनुगमन तथा समन्वय समितिको बैठकले आवश्यकतानुसार विस्तृत योजना तथा बजेट निर्धारण गर्नेछ।

छ. साझेदारीको न्यूनतम ३० प्रतिशत हिस्सा नगद वा साझेदारको मानव तथा भौतिक स्रोतको रुपमा गणना गर्न सकिनेछ। नगद हिस्सा साझेदारले सञ्चालन गर्ने बैङ्क खातामा जम्मा गरेर परिचालन गर्नुपर्नेछ। गाउँपालिकाको साझेदारी हिस्सा पनि सोही बैङ्क खातामार्फत् परिचालन गरिनेछ।

१५. अनुदान उपलब्ध गराउनेः(१) गाउँपालिकाले स्वीकृत कार्यक्रमबमोजिम कार्यक्रमहरुको उद्देश्य अनुरुप आवश्यकता निर्धारण गरी कार्यक्रम सञ्चालित क्षेत्रका लाभग्राहीहरुको लागि अनुदान उपलब्ध गराउन सक्नेछ।

क. अनुदानको रुपमा लाभग्राहीहरुलाई भौतिक सामग्री वा रकम उपलब्ध गराउन सकिनेछ।

ख. अनुदानका प्रकार र सीमा अनुगमन तथा मूल्याङ्कन समिति र साझेदारले निर्धारण गर्नेछन्।

ग. साझेदारी कार्ययोजनामा उल्लेख भए अनुसार भौतिक तथा नगद अनुदान प्रदान गर्नका लागि अनुगमन तथा मूल्याङ्कन समितिले गाउँपालिकासँग भएको तत्थाङ्कको आधारमा वास्ताविक आवश्यकता पहिचान गरी अनुदानका लागि लाभग्राही छनौट गर्नेछ।

घ. अनुदान सामग्री वितरण प्रक्रिया

१. अनुदान प्रक्रियालाई पारदर्शी बनाउनको निम्ति लाभग्राहीहरुको समिति गठन गरी उक्त समितिबाट अनुदान वितरण गर्न सकिनेछ।

२. भौतिक सामग्री वितरण प्रक्रिया विषयगत शाखाका कर्मचारी वा वडा कार्यालयका प्रतिनिधिको रोहोबरमा गरिनेछ।

३. नगद अनुदान दिइने हकमा अनुदानग्राहीसँग भएको सम्झौता वा अनुदानको मापदण्डमा उल्लेख गरिएबमोजिमको आफ्नो हिस्साको कार्य सम्पन्न गरे पछि साझेदारले अनुदानतर्फको रकम भुक्तानी गर्न सक्नेछन्।

४. भौतिक तथा नगद अनुदान दुबैको हकमा साझेदार संस्थाले सम्पूर्ण प्रक्रियाको अभिलेखीकरण राख्नुपर्नेछ।

५. वितरण गर्नुपर्ने भौतिक सामग्री विशेष पकृतिका भएका कारण सहज रुपमा उपलब्ध हुन नसकेको खण्डमा धेरै सङ्ख्यामा गुणस्तरीय वस्तु उपलब्ध हुन नसकेमा तथा भू- परिवेशको भिन्नताको कारण एक स्थानबाट अर्को स्थानसम्म लैजन उपयुक्त नहुने वस्तुको हकमा

तोकिएका प्राविधिक मापदण्ड पूरा गरी लाभग्राहीहरुको समिति गठन गरी वडा कार्यालयको रहोबरमा बहुल साना किसानहरुबाट सोझै खरिद तथा वितरण गर्न सकिनेछ।

१६.सालबसाली वा बहुवर्षीय हुनेः(१) साझेदारी कार्यक्रम गाउँसभाको निर्णयबमोजिम सालबसाली वा बहुवर्षीय हुनेछ। तर कार्यक्रमको वार्षिक उपलब्धिको आधारमा अर्को वर्षको कार्यक्रम थप गर्ने वा नगर्ने निर्णय गाउँसभाले गर्नेछ।

परिच्छेद ५

साझेदारी सम्झौता सम्बन्धी व्यवस्था

१७. सम्झौता गर्नेः(१) गाउँपालिकाले साझेदारी कार्यक्रम प्रस्तावना छनौट समितिको सिफारिसमा कार्यपालिकाको निर्णयबमोजिम ७ दिनको अवधि दिई छनौट भएको साझेदारलाई सम्झौताका लागि सूचना दिनुपर्नेछ।

(२) प्रमुख प्रशासकीय अधिकृतले अनुसूची-६ बमोजिमको ढाँचामा साझेदारसँग सम्झौता गर्नुपर्नेछ।

परिच्छेद ६

साझेदारी कार्यक्रमको वित्तीय व्यवस्थापन, भुक्तानी तथा प्रगति प्रतिवेदन

१८. वित्तीय व्यवस्था तथा भुक्तानीः(१) गाउँपालिकातर्फको बजेट शीर्षकबाट खर्च गर्दा यस ऐन तथा कार्यविधिमा तोकिएकामा सो बमोजिम र अन्यमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावलीको पालना गर्नुपर्नेछ।

(२) साझेदारी रकमको लेखाङ्कनको सम्पूर्ण जिम्मेवारी साझेदारको हुनेछ।

गाउँपालिकाले साझेदारसँग सम्झौता गरेपश्चात् साझेदारहरुलाई कार्यक्रम सञ्चालन गर्नका लागि पेस्की उपलब्ध गराउन सक्नेछ।

(३) गाउँपालिकाले कार्यक्रम सञ्चालन गर्न दफा १७ बमोजिम अग्रिम रुपमा पेस्की उपलब्ध गराउँदा अनुगमन तथा मूल्याङ्कन तथा समन्वय समितिको सिफारिसमा प्रत्येक त्रैमासिकमा सम्झौता रकमको बढीमा २५ प्रतिशतसम्म पेस्की उपलब्ध गराउन सक्नेछ।

(४) दफा ३ बमोजिम प्राप्त पेस्की रकम तोकिएका क्रियाकलापहरु सम्पन्न भएपछि प्रगति प्रतिवेदन, बिल, भर्पाईका आधारमा फछ्यौट गरी आगामी त्रैमासिकको कार्ययोजनासाथ कार्यक्रम कार्यान्वय गर्ने जिम्मेवारी पाएको साझेदार संस्थाले पेस्की माग गरेमा अनुगमन तथा मूल्याङ्कन एवं समन्वय समितिको सिफारिसमा उपलब्ध गराउन सक्नेछ।

(५) गाउँपालिकाले साझेदार संस्थालाई कार्यसम्पादनको आधारमा प्राप्त बिल, भर्पाई एवं प्रतिवेदन र अनुगमन तथा मूल्याङ्कन समिति एवं समन्वय समितिको प्रतिवेदनसहितको सिफारिसमा भुक्तानी गर्नेछ।

(६) साझेदार संस्थाले उपदफा ३ बमोजिम पेस्की लिनका लागि पेस्की लाने वा पेस्की खाम्ने रकम बराबरको नियमानुसार बैङ्क जमानत गाउँपालिकाको कार्यालयमा पेस गर्नुपर्नेछ।

(४)

१९. प्रतिवेदनः(१) साझेदारी कार्यक्रम कार्यान्वयनको प्रगति प्रतिवेदन देहायबमोजिमको ढाँचामा हुनेछ।

क. कार्यक्रमको प्रगति प्रतिवेदन अनुसूची-७ बमोजिमको ढाँचामा पेस गर्नुपर्नेछ।

ख. साझेदारी कार्यक्रमको प्रकृति र आवश्यकतानुसार चौमासिक र वार्षिक प्रगति प्रतिवेदन पेस गर्नुपर्नेछ।

२०. भुक्तानीः (१) तोकिएको क्रियाकलापहरु सम्पन्न भएपछि प्रगति प्रतिवेदन, बिल, भर्पाईका आधारमा पेस्की फछ्यौट गरी आगामी चौमासिक बज

परिच्छेद ७
विविध

२१. लेखापरीक्षणः(१) साझेदारी कार्यक्रमको अन्तिम लेखापरीक्षण आर्थिक वर्ष समाप्त भए पश्चात् प्रचलित कानुनबमोजिम गाउँपालिकाले गर्नुपर्नेछ।

(२) साझेदारी कार्यक्रमको आन्तरिक लेखापरीक्षण प्रचलित कानुनबमोजिम गराउनुपर्नेछ।

(३) साझेदारले आफ्नो तर्फको लागत खर्चको वार्षिक लेखा परीक्षण प्रत्येक आर्थिक वर्षको समाप्तपछि नेपालको कानुनबमोजिम लेखा परीक्षण गर्न योग्य लेखा व्यवसायीबाट गराउनुपर्नेछ। यस्तो लेखा परीक्षणको प्रतिवेदन र वित्तीय विवरणको एक प्रति साझेदारले गाउँपालिकामा बुझाउनुपर्नेछ।

२२. समन्वयः(१) साझेदारी कार्यक्रम व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि नेपाल सरकारका निकायहरु, प्रदेश सरकारका निकायहरु र स्थानीय तहका निकायहरुबिच कार्यक्रम अनुगमन तथा समन्वय समितिले समन्वय गर्नु सकिनेछ।

२३. खर्चमा बन्देजः(१) साझेदार पक्षहरुले सम्झौतामा उल्लिखित शीर्षकहरुमा मात्र खर्च गर्नुपर्नेछ। एक शीर्षकबाट अर्कोमा रकमान्तर गर्दा उक्त शीर्षकमा छुट्याएको रकमको १० प्रतिशतभन्दा माथिको रकमान्तरको हकमा अनुगमन तथा समन्वय समितिको पूर्व स्वीकृति लिई मात्र गर्नुपर्नेछ।

२४.कसुर र सजायः(१) साझेदारी कार्यक्रमको सम्झौता पश्चात् योजना सम्पन्न नगरी गाउँ छाड्न पाइने छैन। यदि बिचैमा छोडेमा छोड्ने पक्षले उक्त समयसम्मको कार्यजिम्मेवारी र आर्थिक दायित्व बहन गर्नुपर्नेछ।

(२) कार्यक्रमको सम्झौताबमोजिम काम नगरेमा, समयमा काम सम्पन्न नगरेमा वा गुणस्तरीय काम नगरेमा बाँकी किस्ता रोक्का गरिनेछ। यस्तो निर्णय गर्नुपूर्व सम्बन्धित पक्षलाई सफाइ पेस गर्ने मौका प्रदान गर्नुपर्नेछ।

२५.पारदर्शिताः साझेदारी कार्यक्रमको आम्दानी खर्च नियमित रुपमा सार्वजनिक गर्नुपर्नेछ। कार्यक्रम छनौट, अनुगमन तथा मूल्याङ्कन र कार्यन्वयन गर्दा जनसहभागितामूलक विधिको अवलम्वन गर्नुपर्नेछ।

२६.उत्तरदायित्वः कार्यक्रम सञ्चालनको उत्तरदायित्व सबै साझेदारहरुले समान रुफमा बहन गर्नुपर्नेछ।

२७.संशोधन तथा हेरफेरः यस कार्यविधिको कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाले आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ।

२८.बाधा अड्काउ फुकाउन र व्याख्या गर्न सक्नेः गाउँ कार्यपालिकाले यस कार्यविधि थपघट, हेरफेर, संशोधन, व्याख्या वा बाधा अड्काउ फुकाउन सक्नेछ।

२९.प्रचालित कानुनबमोजिम हुनेः साझेदारी कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधिमा व्यवस्थाका सम्बन्धमा प्रचलित कानुनबमोजिम हुनेछ। यस सन्दर्भमा द्विविधा उत्पन्न भएमा वा अस्पष्टता भएमा गाउँपालिकाको व्याख्या अन्तिम हुनेछ।

<u>**अनुसूची १**</u>

कालिका गाउँपालकिा,
गाउँ कार्यपालिकाको कार्यालय
वागमती,प्रदेश, नेपाल

साझेदारीमा कार्यक्रम संञ्चालन गर्न इच्छुक निजी क्षेत्र/गैरसरकारी संघ संस्थाको लागि आशयपत्र आह्वानको ढाँचा

प्रथम पटक सूचना प्रकाशित मिति : ....

कालिका गाउँपालिकाले .... विषय क्षेत्रमा .... उद्देश्यले "साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि २०७९" कार्यान्वयनमा ल्याएको छ । यसै कार्यविधिको अधिनमा रही आर्थिक वर्ष .... देखि शुरु हुने गरी बहुवर्षिय/सालबसालीरुपमा .... विषयमा आधारित कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका इच्छुक निजी क्षेत्र/गैरसरकारी क्षेत्रका व्यक्ति/संस्थाहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आशयपत्र पेश गर्न आह्वान गरिएको छ । यस सम्बन्धि विस्तृत विवरण गाउँको वेवसाइट ....बाट डाउनलोड गर्न वा गाउँपालकिाको कार्यालयबाट प्राप्त गर्न सकिन्छ । योग्यता नपुगेका र आवश्यक विवरणहरु र कागजात संलग्न नभएको प्रस्ताव उपर कारवाही गर्न गाउँपालिका जवाफदेही हुनेछैन ।

....
प्रमुख प्रशासकिय अधिकृत

अनुसूची २

कालिका गाउँपालकिा,

गाउँ कार्यपालिकाको कार्यालय

वागमती,प्रदेश, नेपाल

साझेदारीमा कार्यक्रम संञ्चालन गर्न इच्छुक निजी क्षेत्र/गैरसरकारी संघ संस्थाको लागि आशयपत्रको निवेदन को ढाँचा

मितिः ....

श्री .... ज्यू,

विषयः आशयपत्र पेश गरिएको सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा कालिका गाउँपालकिाको स्वीकृत कार्यक्रम अनुसार .... उद्देश्यका लागि "................... साझेदारी कार्यक्रम" कार्यान्वयन गर्न यस .... संस्थाले आशयपत्र पेश गरेको जानकारी अनुरोध छ ।

निवेदक

संलग्न कागजातहरु

क. सम्बन्धित संस्थाको कागजातहरु

१. संस्थाको दर्ता, नवीकरण, करचुक्ता, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा)

२. स्थायी लेखा नम्बर

३. साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धता पत्र

४. संयुक्त उपक्रममा कार्यगर्ने संस्थाहरुको हकमा दुबै संस्था बीचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति

५. प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी १ प्रति

६. संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्रको सक्कल १ प्रति

७. व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण, संगठन

८. विगत सात वर्षमा काम गरेको समान प्रकृतिको काम र स्थानको विवरण । व्यक्तिगत आशयपत्रदाताको हकमा विगत चार वर्षमा समपन्न गरेको समान प्रकृतिको कामको विवरण

९. प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण ।

अनुसूची ३

कालिका गाउँपालकिा,

गाउँ कार्यपालिकाको कार्यालय

वागमती,प्रदेश, नेपाल

साझेदारीमा कार्यक्रम संञ्चालन गर्न इच्छुक निजी क्षेत्र/गैरसरकारी संघ संस्थाको लागि प्रस्ताव आह्वानको ढाँचा

प्रथम पटक सूचना प्रकाशित मिति : ....

कालिका गाउँपालिकाले .... विषय क्षेत्रमा .... उद्देश्यले "साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि २०७९" कार्यान्वयनमा ल्याएको छ। यसै कार्यविधिको अधिनमा रही आर्थिक वर्ष .... देखि शुरु हुने गरी बहुवर्षिय/सालबसालीरुपमा .... विषयमा आधारित कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका इच्छुक निजी क्षेत्र/गैरसरकारी क्षेत्रका व्यक्ति/संस्थाहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र प्राविधिक तथा आर्थिक प्रस्तावना पेश गर्न आह्वान गरिएको छ। यस कार्यक्रमको विस्तृत विवरण गाउँपालिकाको वेवसाइट ....बाट डाउनलोड गर्न वा गाउँपालकिाको कार्यालयबाट प्राप्त गर्न सकिन्छ। योग्यता नपुगेका र आवश्यक विवरणहरु र कागजात संलग्न नभएको प्रस्ताव उपर कारवाही गर्न गाउँपालकि जवाफदेही हुनेछैन।

....

प्रमुख प्रशासकिय अधिकृत

अनुसूची ४

कालिका गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय

वागमती,प्रदेश, नेपाल

साझेदारीमा कार्यक्रम संञ्चालन गर्न इच्छुक निजी क्षेत्र/गैरसरकारी संघ संस्थाको लागि प्राविधिक प्रस्तावको ढाँचा

१. परियोजनाको नाम

२. पृष्ठभूमि (प्रस्तावनाको सारसंक्षेप, वर्तमान अवस्था, आवश्यकता र औचित्य)

३. प्रस्तावित कार्यक्षेत्र र लाभान्वित परिवार

४. परियोजनाको लक्ष्य र उद्देश्य

५. अपेक्षित उपलब्धी र प्रभाव (अल्पकालिन र दीर्घकालिन)

६. परियोजनाको कार्यान्वयन विधि

७. परियोजनाका क्रियाकलापहरु

८. परियोजनाको व्यवस्थापन

- व्यवस्थापन संरचना
    - संस्थागत सहकार्य
    - परियोजनाको जनशक्ति र व्यवस्थापन संरचनाको चित्र
- मानवीय संशाधन परिचालन
- परियोजनाको कार्ययोजना

९. प्रतिवेदन

१०. अनुगमन तथा मूल्यांकन

११. परियोजनाको पारदर्शिता

१२. परियोजनाको दिगोपना र हस्तान्तरण

अनुसूची ५

कालिका गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय

वागमती,प्रदेश, नेपाल

साझेदारीमा कार्यक्रम संञ्चालन गर्न इच्छुक निजी क्षेत्र/गैरसरकारी संघ संस्थाको लागि आर्थिक प्रस्तावको ढाँचा

- साझेदारको कुल लागत रकम। लागत मध्ये नगद प्रतिशत र मानव तथा भौतिक स्रोतको (In Kind) प्रतिशत
- परियोजना सञ्चालन खर्च (तलव, भत्ता तथा कर्मचारी सुविधा, कार्यालय सञ्चालन र व्यवस्थापन, सम्पत्ति खरिद, मसलन्द, आदि)
- कार्यक्रम खर्च (परियोजना क्रियाकलाप कार्यान्वयन खर्च)
- अन्य

अनुसूची ६

कालिका गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय

वागमती,प्रदेश, नेपाल

साझेदारी कार्यक्रम सम्झौताको ढाँचा

"................... साझेदारी कार्यक्रम" संचालनका लागि .... गाँउपालिका र .... संस्था विचको

<u>साझेदारी सम्झौता पत्र</u>

१. परिचयः

२. कार्यक्रमको नाम :

३. सम्झौता अवधि :

४. कार्यक्षेत्रः

५. प्रथम पक्षको जिम्मेवारी :

६. दोस्रो पक्षको जिम्मेवारी :

७. बजेट र वित्तीय कार्यविधि :

७.१ परियोजनाको कुल बजेट :

७.१.१ परियोजनाको वजेटमा प्रथम र द्धितिय पक्षको लागत विवरण सम्वन्धमाः

७.१.२ बजेट रकमान्तर सम्बन्धमा :

७.१.३ परियोजनाको विस्तृत बजेट विवरणः

७.२ बजेट निकासा :

७.२.१ बैक खाता सम्बन्धमाः

७.२.२ पेश्की सम्बन्धमाः

७.२.३ वार्षिक वजेट विनियोजन र निकासा सम्वब्धमाः

७.२.४ अग्रीम कर सम्बन्धमाः

७.२.५ विल भरपाई सम्बन्धमाः

७.२.६ विल जारी सम्बन्धमाः

७.२.७ परियोजनाको आर्थिक प्रगति प्रतिवेदन सम्बन्धमाः

७.२.८ पेश्की तालिका विवरणः

७.२.९ स्थानीय साझेदार सम्बन्धमाः

७.२.१० विस्तृत कार्यक्रम र वजेट सम्बन्धमाः

८. लेखा परीक्षण तथा प्रतिवेदन

९. अनुगमन तथा मूल्यांकनः

९.१ कार्यक्रम अनुगमन तथा समन्वय समितिले

९.२ गाँउपालिका स्तरीय अनुगमन तथा मूल्यांकन समितिले

१०. सम्झौताको संसोधन तथा खारेजी सम्बन्धि व्यवस्था

११. परियोजना हस्तान्तरण

१२. विविध

माथि उल्लेखित शर्तका अधिनमा रहि मिति .... मा दुवै पक्षद्वारा हस्ताक्षर गरियो ।

प्रथम पक्षको तर्फबाट	**दोस्रो पक्षको तर्फबाट**
....	....
....	....

साक्षिहरुः

अनुसूची ७

कालिका गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय

वागमती,प्रदेश, नेपाल

साझेदारी कार्यक्रमको प्रगति प्रतिवेदनको ढाँचा

- कार्यक्रमको पृष्ठभूमी
- लक्ष्य र उद्देश्य
- कार्यक्षेत्र
- कार्यान्वयन प्रक्रिया
- सम्पन्न क्रियाकलाप
- उपलब्धि (भौतिक तथा वित्तीय)
- सुधारात्मक पक्ष र सिकाइ
- समस्या तथा सवालहरु
- आगामी गतिविधि (संक्षिप्त कार्ययोजना सहित)
- निष्कर्ष

स्वीकृत मितिः २०७९/०५/०२ **प्रमाणीकरण मितिः** २०७९/०५/१०